बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## कृषि क्षेत्रमा विपदवाट क्षति पुगेका कृषकलाई राहत वितरण सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२/०१/०८

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यक्रम अन्तर्गत कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८१ बमोजिम राहत प्रदान गर्न इच्छुक कृषकहरुबाट तपसिल बमोजिमका कागजातहरु सहित जिल्लास्थित कृषि विकास कार्यालय र पशुसेवा कार्यालयहरुमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची-३ अनुसारको सम्बन्धित कृषकको आवेदन,
२. विपद्बाट भएको क्षति यकिन हुने प्रहरीको घटनास्थल मुचुल्का (स्थानीयको रोहवरमा) को सक्कल वा प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रतिलिपि,
४. क्षतिको मूल्याङ्कन हुने सम्बन्धित प्राविधिकको प्रमाणित प्रतिवेदन (निवेदन दिँदाको बखत),
५. पीडित कृषक/संस्थाको बैंक खाता नम्बर प्रष्ट देखिने चेकको फोटोकपी,
६. संस्थाको हकमा दर्ता र पछिल्लो आ.व.को कर चुक्ताको प्रतिलिपी,
७. कृषक/संस्थाको प्यान/भ्याट नम्बर,
८. सम्बन्धित स्थानीय तहको क्षति भएको सिफारिस,
९. कार्यालयको सिफारिस,
१०. राहत व्यवस्थापन समितिको सिफारिस,
११. क्षति देखिने फोटो/ दृष्य/ बृत्तचित्र,
१२. बिमा गरेको वा नगरेको तथा अन्य निकायबाट राहत लिएको वा नलिएको सम्बन्धित स्थानीय तहको सिफारीस,
१३. बिमा गरे नगरेको र राहत नलिएको स्वघोषणा,
१४. अन्य आवश्यक कागजातहरु ।

पुनश्चः कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८१ कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको बेवसाईट www.molmac.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

विनोद कुमार भट्टराई
प्रदेश सचिव